## आर्थिक वर्ष २०८२/०८३

# नीति तथा कार्यक्रम

## हिलिहाङ गाउँपालिका

२०८२

**सभाका सदस्यज्यूहरू,**

हिलिहाङ गाउँपालिकाको गाउँ सभाको बैठकलाई सम्बोधन गरिरहँदा मलाई खुशी लागेको छ ।

सर्वप्रथम, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नुहुने प्रातः स्मरणीय महान सहिदहरूप्रति श्रद्धा सुमन अर्पण गर्दछु । यस क्रममा भएका सबै आन्दोलन तथा सङ्घर्षको नेतृत्व गर्नु हुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै, बेपत्ता परिवार, घाइते, अपाङ्गता भएका व्यक्ति तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण दिदीबहिनी र दाजुभाइहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउनः जनतामा स्थानीय सरकारप्रति थप अभिलाषा र भरोसा पैदा गर्न, आर्थिक गतिशिलता बढाउन, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न यो स्थानीय सरकार प्रतिवद्ध छ ।

अब म हिलिहाङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित नीति तथा कार्यक्रम तपाईंहरू समक्ष पेस गर्दैछु । यी नीति तथा कार्यक्रम नेपालको संविधानको भाग ४, धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई पूरा गर्ने एक तहको रूपमा स्थानीय तह रहेको यथार्थलाई स्वीकार गर्दै प्रस्ताव गरिएको छ ।

नेपालको संविधान, दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रम, कोशी प्रदेश सरकारको दोश्रो आवधिक योजना, स्थानीय तहको विगतका नीति तथा कार्यक्रम र हालसम्म प्राप्त उपलब्धि तथा अनुभव, हिलिहाङ गाउँपालिकाको दोश्रो पञ्चवर्षीय योजना, श्रोत साधनको उपलब्धता, यस स्थानीय तहको आवश्यकता एवम् नागरिकको माग र चाहनालाई मध्यनजर गर्दै स्थानीय सरकारले यो नीति तथा कार्यक्रम तयार गरेको छ ।

**उपस्थित सभा सदस्यहरू,**
**अब म चालू आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त केही उपलब्धिहरू संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

१. गाउँपालिकाको विकासका लागि पूर्वाधारका हिसाबले व्यापक समस्याहरू विद्यमान रहे तापनि हिलिहाङ गाउँपालिकाको दोस्रो निर्वाचित जनप्रतिनिधिका रूपमा हामीले सेवा प्रवाह र पूर्वाधार विकासमा उल्लेख्य उपलब्धि हासिल गरेका छौँ । गाउँपालिकाको यातायात क्षेत्रको समग्र विकासका लागि सडक गुरुयोजना निर्माण गरी ठोस कार्ययोजनाका साथ हामी अघि बढेका छौँ। यसका साथै सङ्घीय तथा प्रदेश सरकारबाट कार्यान्वयनका चरणमा रहेका सडक योजना समयमा नै सम्पन्न हुने गरी निरन्तर समन्वय,सहकार्य तथा सहजीकरण गरिरहेका छौँ।

२. गाउँपालिकाको शासन सञ्चालन तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्नका लागि प्रशासकीय भवन निर्माण कार्य तदारुकताका साथ अघि बढिरहेको छ । यसैगरी १ नं. वडा कार्यालय, ५ नं. वडा कार्यालय, ७ नं. वडा कार्यालय, सिंहपुर स्वास्थ्य चौकी

भवन, भारपा स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न भईसकेका छन् । पाँच शैयाको अस्पताल निर्माण, अमरपुर स्वास्थ्य चौकी भवन र २ नं. वडा कार्यालयको प्रशासकीय भवन, हिलिहाङ दरबार क्षेत्र गुरुयोजना बमोजिम ग्रेटवाल तथा शौचालय निर्माण कार्य सम्पन्न हुने चरणमा रहेका छन् ।

३. कर्मचारी प्रशासन सुधार तथा प्रदेश लोकसेवा आयोगको समन्वयमा अधिकृत तथा सहायक कर्मचारीहरू पदपूर्तिको काम गरेका छौँ । यससँगै वडा कार्यालयहरूमा वडा सचिव लगायत आवश्यक कर्मचारीहरूको पदपूर्ति गर्नका लागि थप जनशक्ति माग गरेका छौं । स्वास्थ्य क्षेत्रमा सुधारका लागि सामुदायिक स्वास्थ्य इकाई, स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसारको पदपूर्ति, पालिका पूर्ण खोप कार्यक्रम अन्तर्गत पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको छ । यसैगरी सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम आवश्यक औषधी तथा उपकरणको प्रबन्ध मिलाइएको छ ।

४. सेवा प्रवाहमा चुस्तता, पूर्वाधार विकासमा उल्लेख्य प्रगति, आवश्यकता र मागको सिद्धान्तमा आधारित बजेट व्यवस्थापन गर्दै स्थानीय सरकारको संस्थागत संरचना विकासमा हामीले यो वर्षमा नतिजामुखी परिणाम हासिल गरेका छौँ । गाउँपालिकाको प्रशासकीय भवन तेस्रो तला ढलान कार्य सम्पन्न भईसकेको छ । आगामी आ.व. २०८२/०८३ मा निर्माण सम्पन्न गरी पालिकाको सम्पूर्ण सेवा प्रवाह नवनिर्मित भवनबाट गर्ने प्रवन्ध मिलाइनेछ ।

५. स्थानीय सरकारको नियमित बजेट भन्दा थप बजेट विभिन्न श्रोत, साझेदार संस्थाहरू र दातृ निकायबाट प्राप्त गरी हामीले पालिकालाई समृद्धि र समुन्नतितर्फ अघि बढाएका छौँ।

६. न्यायिक इजलासलाई मर्यादित बनाउँदै न्यायिक कक्ष निर्माण र वडाहरूमा मेलमिलाप केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिइएको छ ।

७. शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरिएको छ। स्थानीय भाषा, संस्कृति, भूगोल तथा सीपलाई समेटी आधारभूत तह (कक्षा १–८) का लागि स्थानीय पाठ्यक्रम विकास गरिएको छ। शैक्षिक गुणस्तर सुधारका लागि आवधिक योजना निर्माण, प्रारम्भिक बाल विकास सहजकर्ता तथा IT फोकल शिक्षकहरूको क्षमता विकास कार्यक्रम, IEMIS प्रणालीसम्बन्धी कार्यशाला सञ्चालन र वडागत अन्तर्क्रिया कार्यक्रम प्रभावकारी रूपमा सम्पन्न गरिएको छ ।

८. बहु तह अनुगमन तथा सुपरीवेक्षण नीतिअनुसार विद्यालयको नियमित अनुगमन सुनिश्चित गरिएको छ। कक्षा ८ को परीक्षा वैज्ञानिक एवं व्यवस्थित तरिकाले सञ्चालन गरिनुका साथै उत्कृष्ट छात्र/छात्रालाई प्रोत्साहन गरिएको छ। विद्यार्थी र युवाको प्रतिभा उजागर गर्न पालिका तथा जिल्ला स्तरीय खेलकुद प्रतियोगिता (राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप लगायतका खेलकुद सम्बन्धी कार्यक्रमहरू) सफलतापूर्वक सम्पन्न गरिएको छ।

९. पालिकाबासीको अपेक्षा र महत्वकांक्षा असीमित छन्, तथापि हामी निर्वाचित भएर आए पश्चात् गरेका काम, बजेट विनियोजन र कार्यान्वयनको परिणाम मापनयोग्य छ । स्थानीय मामिलामा विज्ञ, देशका प्रतिष्ठित विज्ञहरू र संघीय मामिला तथा सामान्य

प्रशासन मन्त्रालयको स्वमूल्यांकन मानकमा हिलिहाङ गाउँपालिकाले राम्रो अंक प्राप्त गरी हामी हिलिहाङवासीलाई गौरवशाली बनाएको छ ।

१०. नेपाल सरकारद्वारा निर्धारित सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित वर्गका नागरिकहरूलाई त्रैमासिक रूपमा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता सबै वडा कार्यालयहरूलाई केन्द्र बनाई वितरण गरिएको छ ।

११. लेखा व्यवस्थापन र कोपोमिस तालिम सम्पन्न गराई कोपोमिस मार्फत १२ सहकारी संस्थालाई समष्टिगत विवरण तयारी गरिनुका साथै संस्थाका व्यवस्थापकहरूलाई सहकारी लेखा व्यवस्थापनमा सक्षम बनाइएको छ ।

१२. महिला लक्षित आय आर्जनमूलक सीप र किशोरकिशोरीहरूमा नयाँ ज्ञान सीपको लागि कम्प्युटर तालिम प्रदान गरी सूचना प्रविधिको क्षेत्रमा दक्षता हाँसिल गराउनुका साथै बाल क्लबको पुनर्गठन गरी विद्यालयहरूमा बालबालिकाको अवस्था अवलोकन एवं बालबालिकाको प्रतिभा पहिचानका लागि आवश्यक सुझाव संकलन कार्यलाई निरन्तरता दिइएको छ ।

१३. न्यूनतम १०० दिनको रोजगारीबाट अति विपन्न नागरिकको जीविकोपार्जनमा सहयोग पुग्नुका साथै वडा कार्यालय तथा गाउँपालिकाको विकास पूर्वाधार निर्माण कार्यमा महत्वपूर्ण योगदान पुगेको छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

१४. सेवा प्रवाहमा चुस्तता, पारदर्शिता, आर्थिक मितव्ययिता, जवाफदेहिता र सुशासनलाई प्राथमिकतामा राखी लोकप्रिय कार्यक्रमहरू अघिल्ला वर्षहरू देखि नै सुरुवात गरेका थियौं । विपद्मा तत्काल राहत उद्धार, कृषि, सहकारी र उद्यमीहरूलाई विशेष अनुदान सहितको सहायता कार्यक्रम, स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रूपमा यथेष्ट औषधी र ल्याव सेवा, शिक्षा क्षेत्रमा विशेष लगानी, सामाजिक संस्था, सहकारी, सामुदायिक, सांस्कृतिक, जातीय र धार्मिक संस्थाहरूलाई मागमा आधारित सहयोग, घुम्ती सेवा मार्फत टोलटोलमा सेवा सुविधा हामीले विगतका वर्षहरूमा गरेको जनसेवाको नमूना उदाहरण हुन् ।

१५. **तिर्खामुक्त गाउँपालिकाको अवधारणा**मार्फत बृहत खानेपानी आयोजना, लिफ्टिङ लगायतका खानेपानी तथा अन्य आयोजनाहरूका लागि वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी निर्माण सुरुवात गरेका छौं ।

१६. गाउँपालिका भित्र पिउने पानी तथा सिँचाईको पहुँच नभएका टोल तथा वस्तीहरूमा खानेपानी ट्याङकी निर्माण तथा फुटकर पाइप वितरण गरिएको छ ।

१७. दिगो विकासको लक्ष्यको प्राप्ति तथा गरिबी निवारणका लागि विगत तीन वर्षमा लघु उद्यम विकास कार्यक्रममार्फत २५० जनालाई सीप विकास तालिम साथै ९८ जना उद्यमीहरूलाई प्रविधि हस्तान्तरणको कार्य सम्पन्न गरिएको छ । यसै गरी विभिन्न वडाहरूमार्फत अल्पसंख्यक, दलित, महिला, आदिवासी जनजाती समुदायलाई सीपयुक्त बनाउँदै लगिएको छ भने माझी समुदायको जीविकोपार्जनका लागि विभिन्न आयमूलक कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएको छ ।

१८. आगामी चार वर्ष भित्रमा बजार क्षेत्रको नमूना व्यवस्थापन सहित व्यावसायिक प्रवर्द्धन र गाउँ वस्तीहरूमा उत्पादनमूखी कार्यक्रम मार्फत पालिकाबासीको आयआर्जन वृद्धि गरी समृद्ध पालिका बनाउन सकिने योजना अबका प्राथमिकतामा पर्नेछन् । यसै गरी भूगोल अनुसारको फलफूल तथा तरकारी खेतीका कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका छन् ।

१९. अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण सहित परिचयपत्र वितरण शिविर सञ्चालन तथा ज्येष्ठ नागरिक दिवस तथा सम्मान कार्यक्रम सञ्चालन गरिएको छ भने मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको स्वास्थ्य उपचार तथा पुर्नस्थापना समेतका कार्यहरू गरिएको छ ।

२०. पारदर्शिता प्रवर्द्धन, सुशासन कायम गर्नका लागि निरन्तर रूपमा सरोकारवालाहरूसँग अन्तर्कृयात्मक कार्यक्रम सञ्चालन गरी परिणाममुखी कार्यलाई अगाडि बढाइएको छ ।

२१. विपद् व्यवस्थापन तथा आकस्मिक सेवा प्रवाहका लागि पालिकाले आर्थिक कार्यविधिहरू तर्जुमा गरी व्यवस्थित रूपमा पालिकामा उपलब्ध स्रोत साधन र मेशिनरी औजारहरूको प्रयोगद्वारा द्रुत राहत सहयोग, Rapid Response Team(RRT) द्वारा सेवाप्रवाहलाई निरन्तरता दिइएको छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

अब म आगामी वर्ष २०८२/०८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रम यस सभा समक्ष प्रस्तुत गर्दछु ।

१. यस पालिकालाई सामाजिक न्याय सहितको नमूना पूर्वाधारयुक्त पालिकाका रूपमा विकास गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचका साथ तयार भएको आवधिक योजनालाई कार्यान्वयन गरिनेछ ।

२. पूर्वसम्भाव्यता, सम्भाव्यता अध्ययन(Feasibility Study), वातावरणीय प्रभाव मूल्याङ्कन (IEE), विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्पन्न सम्पन्न भएका योजना, प्रमुख आयआर्जनमुखी पर्यटकीय क्षेत्रहरू र स्थानीय महत्वका रूपान्तरणकारी विशेष आयोजना/कार्यक्रमहरूलाई उच्च प्राथमिकतामा राखिनेछ

३. सुशासन प्रवर्द्धन, गरिबी न्यूनीकरण, जलवायु परिवर्तन र लैंगिक उत्तरदायी बजेटलाई विशेष प्राथमिकता दिइनेछ ।

४. दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी सम्बोधन हुने प्रकृतिका आयोजना तथा कार्यक्रमहरूमा उच्च प्राथमिकताका साथ कार्यान्यवन गरिनेछ ।

५. आर्थिक तथा सामाजिक रूपले पछि परेका वर्ग तथा समुदाय लक्षित रोजगारमूलक र सीपमूलक कार्यक्रमहरूमा ल्याइनेछ ।

६. नेपालको संविधानको अनुसूची- ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्पष्ट उल्लेखित गाउँपालिकाको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित क्षेत्रहरूमा प्राथमिकताका साथ वजेट विनियोजन गरिनेछ ।

## कृषि विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तलाजात बालीको पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। त्यसैगरी गाउँपालिकाको भौगोलिक विशेषता तथा क्षेत्रीय प्राथमिकता अनुसार **"एक वडा, एक बाली विशेष उत्पादन कार्यक्रम"** प्रभावकारी रूपमा लागू गरिनेछ। गुणस्तरीय विरुवा तथा उन्नत प्रविधिको प्रयोग गरी फलफुल बगैंचा स्थापनामा सहयोग गरिनेछ, जसबाट बालीको उत्पादन र उत्पादकत्वमा वृद्धि अपेक्षित गरिएको छ।

२. गाउँपालिका भित्रका कृषकहरूको समग्र तथ्याङ्क एकीकृत गर्न **किसान सूचीकरण कार्यक्रम** र **कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम**लाई निरन्तरता दिइनेछ। यसले नीति निर्माण, अनुदान वितरण र अनुगमन कार्यमा सहजीकरण पुऱ्याउनेछ।

३. बाली उत्पादनपछिको क्षति न्यूनीकरण गर्न र बजार व्यवस्थापन सुधार गर्न **श्रीचम्पा चिस्यान केन्द्र** निर्माण गरिनेछ। त्यस्तै, कृषि शाखाबाट सेवा नपाएका कृषक, समूह, फर्म वा उद्यमीहरूको व्यवसायलाई सघाउन **पूर्वाधार र आवश्यक सामग्रीहरू** उपलब्ध गराइनेछ, जुन माग र सम्भाव्यता मूल्याङ्कनका आधारमा हुनेछ।

४. "**एक गाउँ, एक कृषि प्राविधिक**" अवधारणाअनुसार प्रत्येक वडामा कृषि प्राविधिकको व्यवस्था निरन्तरता दिइनेछ। "**खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा**" भन्ने नाराका साथ कृषि स्नातक प्राविधिक परिचालन गरिनेछ। आधुनिक कृषि प्रविधिको लागि ५०% अनुदानमा हाते ट्याक्टर वितरण गरिने नीति लिइनेछ ।

५. वैदेशिक रोजगारीबाट फर्किएका र स्वदेशमै कृषि व्यवसाय गर्न चाहने युवाहरूका लागि **युवा स्वरोजगार कार्यक्रम** निरन्तरता दिइनेछ।

६. मकै बालीको दीर्घकालीन उत्पादन वृद्धि गर्न **५०% अनुदानमा उन्नत बीउ वितरण** गरिनेछ। टमाटर खेतीलाई पूर्ण रुपमा व्यवसायिक बनाउने उद्देश्यले किसानहरूलाई **७५% अनुदानमा टमाटरको बीउ** वितरण गरिनेछ। यसैगरी, मलखाद तथा रसायनिक मलको आपूर्ति **सहज र प्रभावकारी** बनाइनेछ।

७. बिभिन्न बालीहरूमा देखिने रोग र कीराको समस्या नियन्त्रणका लागि हालसम्म सञ्चालनमा रहेको **बाली संरक्षण कार्यक्रमलाई निरन्तरता** दिइनेछ।

८. कृषकका समस्या पहिचान र समाधानका लागि **कृषक, जनप्रतिनिधि, कृषि समूह, सहकारी तथा कृषि फर्म**बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। साथै, कृषकहरूको दक्षता अभिवृद्धिका लागि **प्रशिक्षित जनशक्तिबाट तालिम कार्यक्रमहरू** सञ्चालन गरिनेछ ।

## पशु सेवा सम्बन्धी नीति तथा कार्यक्रम

१. पशुपन्छीजन्य उत्पादनहरू मध्ये निर्यातमा प्रमुख हिस्सा ओगट्ने छुर्पीको गुणस्तरीय उत्पादन तथा निर्यात प्रवर्द्धन र आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले यस गाउँपालिकामा रहेका दर्तावाल डेरी फर्म/उद्योगहरूलाई लागत साझेदारीमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

२. पशुपन्छीहरूमा देखा पर्ने  विभिन्न माहामारी रोग नियन्त्रण गर्न आवश्यक पशुपन्छी खोप कार्य निःशुल्क सञ्चालन गरिने तथा विभिन्न समस्यामा आधारित पशु औषधीहरू प्रत्येक वडा पशु सेवा केन्द्रबाट निःशुल्क  वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिका क्षेत्रभित्र उन्नत नश्लका पशुको गुणस्तर र संख्यामा वृद्धि गरी पशुजन्य उत्पादन र उत्पादकत्वमा सुधार गर्न पशु नश्ल सुधार/कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ । व्यवसायिक फार्म, कृषक समूह/सहकारीहरूको उत्पदकत्व वृद्धिका लागि लागत साझेदारीमा उन्नत जातको बोका वितरण गरी नश्ल सुधारका कार्यक्रम गरिनेछ ।

४. कोशी प्रदेश सरकारद्वारा सञ्चालित **खोरेत रोग नियन्त्रण आयोजना कार्यक्रम** यस गाउँपालिकामा पनि प्रभावकरी रुपमा सञ्चालन गरिनेछ ।

५. पशुपालन क्षेत्रतिर कृषकहरूलाई आकर्षित गर्न दिगो पशु आहारा योजना तथा पोषण सुधार तालिम सहित उन्नत घाँस खेतीको विस्तारका लागि पहल गरिनेछ।

६. रेबिज रोग नियन्त्रणका लागि **"No Babies; No Rabies"** भन्ने मूल नाराका साथ सामुदायिक तथा घरपालुवा कुकुरहरूलाई स्थायी बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

७. पशुपन्छीहरूमा देखा पर्ने विभिन्न रोगहरूको पहिचानका लागि नमुना संकलन तथा परीक्षण गरी उपचार क्षेत्रलाई थप प्रभावकारिताका साथ विस्तार गरिनेछ।

८. पशु स्वास्थ्य तथा उपचार क्षेत्रलाई थप विस्तार गर्न पशु स्वास्थ्य स्वयंसेवक परिचालन गरिनेछ।

**स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको आधारभूत स्वास्थ्य सेवा पहुँचमा गुणस्तरीय सेवा प्रवाह को लागि स्वास्थ्य संस्था भवन निर्माण तथा स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गरि स्वास्थ्य संस्थाहरूको भौतिक संरचनामा सुधार तथा न्युनतम सेवा मापदण्ड अनुसारको आम नागरिकको स्वास्थ्य सेवा प्रवाह गर्न प्रत्येक वडाहरूमा आवश्यक स्वास्थ्य सेवा कार्यक्रमको व्यवस्था मिलाइएको छ।

२. मातृ तथा नवशिशु मृत्यु दर शून्य बनाउने लक्ष्यसहित हिलिहाङ गाउँपालिकालाई "जिरो होम डेलिभरी पालिका" घोषणा गर्न बर्थिङ सेन्टरहरूलाई गुणस्तरीय बनाउँदै, घरमै हुने असुरक्षित प्रसुति पूर्ण रूपमा रोक्ने, संस्थागत सुत्केरी गराउने महिलालाई यातायात खर्च र पोषण सेवा उपलब्ध गराउने, उपाध्यक्ष कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने र सबै गर्भवती महिलाले अनिवार्य ८ पटक गर्भ जाँच गर्न स्वास्थ्यकर्मी परिचालन गर्ने नीति लिइनेछ।

३. स्वास्थ्य संस्था टाढा रहेका समुदायमा नियमित आधारभूत सेवा प्रवाहका लागि **सेटेलाइट क्लिनिक** सञ्चालन गरी रोगहरूको फलोअप सहज बनाइनेछ भने गाउँघर र खोप क्लिनिकलाई व्यवस्थित गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ।

४. हिलिहाङ गाँउपालिका पूर्णखोप सुनिश्चित पालिका घोषणा भइसकेको र आगामी बर्षहरूमा समेत १५ महिनासम्मका सबै बालबालिकाहरूले पूर्णखोप पाएको सुनिश्चितता गरी पूर्णखोप पालिका दिगोपनाका लागि कार्यक्रम अगाडि बढाउने नीति लिइएको छ।

५. अति विपन्न नागरिक तथा परिवार सदस्यहरूलाई स्वास्थ्य सेवाको सरल र सहज उपचारको लागि स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनेछ।

६. पोषणमैत्री पालिका निर्माणका लागि हिलिहाङ बहुक्षेत्रीय पोषण योजना कार्यक्रम मार्फत सबै शाखाहरू परिचालना गरी क्रमश पोषणमैत्री वडा तथा पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै कडा शीघ्र कुपोषित बालबालिकाहरूको व्यवस्थापन तथा उपचारको लागि स्वास्थ्य चौकीहरूमा आवश्यकता अनुसार OTC सेन्टर थप गर्ने नीति लिइएको छ।

७. हिलिहाङ गाँउपालिकाका सम्पूर्ण विद्यालयहरूमा नियमित विद्यार्थी स्वास्थ्य परीक्षण सेवा सञ्चालनको लागि स्वास्थ्य शाखा मार्फत **"विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम"** सञ्चालन गरिनेछ।

८. सबै नागरिकले आधारभूत निःशुल्क स्वास्थ्य उपचार सेवा पाउनु पर्ने मौलिक हक भएकोले हिलिहाङ गाँउपालिकाका सबै नागरिकहरूलाई आवश्यक पर्ने ल्याव परीक्षण सेवा तथा आधारभूत औषधी उपचार निःशुल्क वितरणका लागि ल्याव केमिकल र औषधी खरिद तथा व्यवस्थापन गरिनेछ।

९. कोभिड-१९ लगायत विभिन्न महामारी रोकथाम तथा डेङ्गी रोग व्यवस्थापनका लागि प्रत्येक वडाहरूमा डेङ्गी रोगका लार्भा **खोज र नष्ट गर** भन्ने कार्यक्रमलाई अझ प्रभावकारी रूपमा परिचालन गरी डेङ्गी रोग रोकथामको लागि नीति तथा कोषको व्यवस्थापन गरिनेछ।

१०. एक पालिका एक आधारभूत अस्पताल निर्माणको लागि गोपेटार प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी गोपेटार आधारभूत अस्पताल निर्माण कार्यलाई पूर्णता दिइनेछ।

११.सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत जन्मजात अपाङ्ता तथा जटिल प्रसुतिको पहिचानको लागि प्रत्येक वडाहरूमा निःशुल्क भिडिओ एक्से कार्यक्रमलाई अझ प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१२.एकीकृत उपचार प्रणाली अन्तर्गत आयुर्वेद उपचारमा नागरिक आरोग्य सेवा केन्द्रलाई निरन्तरता दिइनेछ । साथै आयुर्वेद उपचारमा नागरिकको सरल र सहज पहुँचको लागि प्रत्येक वडाहरूमा स्वास्थ्य परीक्षण तथा फलोअप सेवा सञ्चालन गर्ने नीति लिइनेछ।

१३.मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम र पोषण कार्यक्रमलाई प्रभाकारी बनाउन समुदायमा परिचालित राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविकाहरूको मासिक खाजा खर्चलाई निरन्तरता दिइनेछ । साथै महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविका कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन उत्कृष्ट सेवा गर्ने महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविकालाई वार्षिक रूपमा सम्मान गरिनेछ ।

१४.अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास, रोकथाम, पुनर्स्थापना तथा सहयोग कार्यक्रमलाई साझेदारी र समन्वयमा निरन्तरता दिइनेछ। किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रवर्द्धन गरिनेछ भने ज्येष्ठ नागरिकहरूका लागि स्वास्थ्य परीक्षण र विशेष उपचार शिविर सञ्चालन गरिनेछ।

१५.विपन्न नागरिकका लागि कडारोग उपचार सहयोग, मानसिक स्वास्थ्य प्रवर्द्धन, आत्महत्या रोकथाम, नसर्ने रोग स्क्रिनिङ तथा **टि.बी. फ्री पालिका** अभियान सञ्चालन गरिनेछ। **"म स्वस्थ: मेरो समुदाय स्वस्थ"** कार्यक्रम कार्यान्वयन गरिनेछ।

१६. कालाजार, डेंगु, मलेरिया जस्ता किटजन्य रोगहरूको नियन्त्रण तथा उपचारका लागि प्रदेश/संघीय सरकारसँग समन्वय गरिनेछ। एकीकृत स्वास्थ्य शिविर, आँखा उपचार, सरल अपाङ्गता परिचय पत्र वितरण तथा अपाङ्गता सहायता कक्ष सञ्चालन गरिनेछ।

१७.गोपेटार प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत रहने (MBBS) डाक्टरको सेवा प्रभावकारी बनाउन आवश्यक प्रोत्साहन कार्यक्रम बनाइनेछ ।

## शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. स्रोत सामग्री विकास तथा पाठ्यक्रम प्रबोधीकरणद्धारा आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

२. स्थानीय तह स्तरीय आधारभूत तह कक्षा-८ उत्तीर्ण परीक्षालाई थप वैज्ञानिक, व्यवस्थित र गुणस्तरीय बनाइनेछ ।

३. शैक्षिक गुणस्तर सुदृढीकरणका लागि आवधिक शैक्षिक योजना कार्यान्वयन गरिनेछ ।

४. शैक्षिक गुरुयोजना मार्फत हिलिहाङ गाउँपालिका क्षेत्र भित्रका विध्यालयहरुको भौतिक पुर्वाधार विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

५. विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गर्न बहु तह अनुगमन तथा सुपरीवेक्षण नीति (Multi-Layer Monitoring and Supervision policy) तय गरिनेछ, यसका लागि शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, वडाको उच्चतम कक्षा/तह सञ्चालित विद्यालय, वडा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, गाउँ शिक्षा समिति तथा गाउँपालिकालाई जिम्मेवार बनाइनेछ साथै विषयगत विज्ञ समूह परिचालन गरी सामुदायिक विद्यालयका शिक्षकहरूको कक्षा अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने व्यवस्था मिलाइनेछ ।

६. किशोर अवस्थाका बालबालिकालाई लक्षित गरी बालबिवाह न्यूनीकरण सम्बन्धी Academic Counselling तथा Career Counselling सँग सम्बन्धित सहयोगी कार्यक्रमहरू सञ्चालन गरी Career Selection मा सहयोग गरिनेछ ।

७. सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक तथा IEMIS सम्बन्धी काम गर्ने शिक्षकहरूको ICT सम्बन्धी क्षमता विकास गर्दै विद्यालय स्तरीय एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाइनेछ ।

८. न्यून शिक्षक दरबन्दी भएका विद्यालयहरूमा प्रावि, निमा, तथा मावि. तहमा उपलब्ध गराइँदै आएको पालिका अनुदान शिक्षकहरू तथा पालिकाद्वारा थप गरिएका बालविकास केन्द्रहरूलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि मासिक शिक्षक स्टाफ बैठक, प्रअ वैठक सञ्चालन गरिनेछ। साथै जनप्रतिनिधि र वि.व्य.स पदाधिकारी, विद्यालयका प्रधानाध्यापक सहित सरोकारवालाहरूबीच निरन्तर अन्तर्क्रिया गरिनेछ।

१०. विद्यार्थीहरूको विद्यालय छाड्ने तथा कक्षा दोहोर्याउने दर न्यून गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याई **सिकाउने र टिकाउने** रणनीति अवलम्बन गरिनेछ।

११. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नका लागि प्रारम्भिक बालविकासका सहजकर्ता, शिक्षक तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१२. विद्यार्थीहरूको चौतर्फी विकासका लागि विद्यालय तथा पालिका स्तरीय विद्यार्थी सिकाइसँग सम्बन्धित अतिरिक्त तथा सह क्रियाकलापहरू अनिवार्य रूपमा सञ्चालन गर्ने व्यवस्था गरी प्रतिभा पहिचान गरिनेछ। जसका लागि विद्यालयहरूले प्रत्येक शुक्रबारलाई प्रतिभा प्रष्फुटन दिवसको रूपमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१३. विद्यार्थी तथा युवाहरूको खेलकुद क्षेत्रको प्रतिभा प्रष्फुटनका लागि खेलकुद सम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकतामा राखिनेछ। राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप लगायतका खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४. मातृभाषाको पठन पाठन भइरहेका सामुदायिक विद्यालयहरूको भाषा संरक्षण तथा प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित गर्दै स्थानीय भाषा प्रवर्द्धनमा जोड दिइनेछ।

१५. बालविकास केन्द्रहरूलाई बाल सिकाई अनुकुल बनाउन शैक्षिक सामाग्री तथा खेल सामग्रीहरूको प्रबन्ध मिलाइनेछ।

१६. बालबालिकालाई प्रतिष्पर्धात्मक भावनाको विकास गराउने उद्देश्यले पालिका स्तरीय आधारभूत तह कक्षा ८ उत्तीर्ण र SEE परीक्षामा सर्वोत्कृष्ट जी.पि.ए. प्राप्त गर्ने १/१ जना उत्कृष्ट छात्र र छात्रालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

१७. सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई आधारभूत योग शिक्षा मार्फत उनीहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक विकासमा जोड दिईनेछ।

१८. शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षा नीति, निर्देशिका जस्ता कानूनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रलाई नियमन एवम् प्रवर्द्धन गर्दै लगिनेछ।

१९. सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य सरकारी/गैरसरकारी संघ संस्थाहरूसँगको साझेदारीमा बालमैत्री तथा अपाङ्गतामैत्री विद्यालय पूर्वाधार निर्माणमा जोड दिइनेछ।

२०. सामुदायिक विद्यालयहरूलाई पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशालायुक्त बनाउँदै शैक्षिक गुणस्तर सुधारमा जोड दिइनेछ।

२१. हिलिहाङ गाउँपालिका भित्र स्थायी बसोबास गरिरहेका अभिभावकहरूले यसै गाउँपालिका भित्रको सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण भई स्नातक तहमा डाक्टर, इन्जिनियर, वकिल, IT क्षेत्रमा अध्यापन गराएमा उक्त विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।

२२. सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत विपन्न परिवारका विद्यार्थीहरूलाई मापदण्ड अनुसार छात्रवृत्ति उपलब्ध गराइनेछ।

## उद्यम विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. समृद्ध हिलिहाङ निर्माणका लागि गरिबी निवारण र उत्पादन बृद्धिमा जोड दिँदै MEDPA कार्यक्रमलाई निरन्तरता दिई स्थानीय लघु उद्यम सञ्चालन तथा उत्पादित वस्तुको बजारीकरणमा विशेष ध्यान दिइनेछ।

२. उद्यमीहरूको मनोबल, आयस्तर र उत्पादन क्षमता बढाउन मेशिन औजार र तालिममा लागत साझेदारी गरिनेछ।

३. कोसेली घर सञ्चालन गरी स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुर्‍याइनेछ।

४. विगतमा स्थापित उद्यमीहरूलाई स्तरोन्नति गर्दै उनीहरूको उत्पादनलाई प्राथमिकता दिई व्यापार मेला तथा हाट बजारमार्फत बिक्री प्रवर्द्धन गरिनेछ।

५. माझी समुदायको जीवनस्तर सुधारका लागि माछाका विभिन्न परिकार बनाउनका लागि सीप विकास तालिम प्रदान गरिनेछ।

## सहकारी तथा गरिवी निवारण सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरूको सघन अनुगमन गरी अनुगमनबाट देखिएका समस्याहरूको तत्काल निराकरण गर्न आवश्यक निर्देशन दिइनेछ। सहकारी संस्थाहरूको ऋण व्यवस्थापनमा देखिएका समस्याको प्रभावकारी समाधान गर्न ऋण व्यवस्थापन तालिम सञ्चालन गरिनेछ।

२. सहकारी संस्थाहरूको व्यवसायिक योजना निर्माण गर्न कार्यशाला सञ्चालनको प्रबन्ध मिलाइनेछ।

३. निष्कृय सहकारी संस्थाहरूलाई खारेजी तथा एकीकरण गर्ने नीति लिइनेछ।

४. सदस्य केन्द्रीयता सूचकांक (MCI) र पर्ल्स अनुगमन जस्ता औजारको प्रयोग गर्दै कोपोमिसमा सबै सहकारीलाई अनिवार्य आवद्ध गरिनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. नेपाल सरकारद्वारा निर्धारित सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित वर्गका नागरिकहरूलाई त्रैमासिक रूपमा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता सबै वडा कार्यालयहरूलाई केन्द्र बनाई वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२. १६ औं योजना अनुसार सुशासनको राष्ट्रिय लक्ष्य अन्तर्गत ५ बर्षमुनिका बालबालिकाको जन्मदर्ता दर १००% पुर्याउने लक्ष्य हासिलमा टेवा पुर्‍याउन सबै वडाहरूको टोल टोलमा घटना दर्ता शिविर सञ्चालन गरिनेछ। राष्ट्रिय परिचयपत्र गाउँपालिकाबाट नै वितरण हुने गरी आवश्यक प्रवन्ध मिलाइनेछ। सामाजिक सुरक्षा भत्ता नवीकरणको असहजतालाई मध्यनजर गर्दै विकल्पमा आइरिस स्क्यानरको व्यवस्था गरिनेछ।

३. "प्रत्येक नागरिकको दुःखमा पालिका" भन्ने नाराका साथ प्रत्येक मृतक परिवारलाई काजक्रिया खर्चको व्यवस्थापन गरिनेछ।

४. हिलिहाङ गाउँपालिका भित्र बसोबास गर्ने ७० वर्ष माथिका सबै ज्येष्ठ नागरिकहरूलाई घर देखि प्राथमिक स्वास्थ्य केन्द्र, गोपेटारसम्म निःशुल्क आकस्मिक एम्बुलेन्स सेवाको प्रबन्ध मिलाइनेछ।

५. गाउँपालिका भित्र अन्य जिल्ला तथा स्थानीय तहबाट बसाईसराई आउने घरपरिवारहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. हिलिहाङवासीलाई बसाईसरी अन्यत्र जान निरुत्साहित गर्न "**म बनाउँछु मेरो जन्मभूमी**" भन्ने नारा सहित बसाईसराई न्यूनीकरणका नयाँ कार्यक्रमहरू तयार गरी लागू गरिनेछ।

## पर्यटन प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्रका पर्यटन प्रवर्द्धन गर्नका लागि गाउँपालिका प्रवेशद्वार निर्माण, बालाचतुर्दशी मेला, बहुसाँस्कृतिक पार्क निर्माणको लागि सम्भाव्यता अध्ययन गरी DPR निर्माण तथा हिलिहाङ जन्म जयन्ती मनाउने लगायतका कार्यक्रममा जोड दिइनेछ।

२. गाउँपालिकाको पर्यटकीय गुरुयोजनाको माध्यमबाट हिलिहाङ क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरूको पहिचान गर्न पर्यटकीय सर्किट निर्माणमा आवश्यक पहल गरिनेछ।

३. हिलिहाङ गाउँपालिका क्षेत्र भित्रका प्रमुख पर्यटकीय क्षेत्र हिलिहाङ दरबार क्षेत्रलाई गुरुयोजना बमोजिम पर्यटकीय पुर्वधार निर्माणमा निरन्तरता, मृदुङ्गा झरना क्षेत्र तथा जोरपोखरी क्षेत्रमा पर्यटकीय पुर्वाधार निर्माणको आधारशिला खडा गरिनेछ।

४. **हिलिहाङ-१ स्थित ऐतिहासिक नवमी बजारलाई रैथाने जैविक-साँस्कृतिक सम्पदा संरक्षण थलो**को रूपमा विकास गरी पर्या-साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग सहयोग र सहकार्यको लागि आवश्यक पहल गरिनेछ।

## सूचना प्रविधि तर्फको नीति तथा कार्यक्रम

१. डिजिटल हिलिहाङ फ्रेमवर्क निर्माणको लागि डिजिटल पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ। यस अन्तर्गत शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपंक्षी, वित्तीय सेवा, ऊर्जा, पर्यटन तथा शहरी पूर्वाधारको विकासमा डिजिटल प्रविधि अवलम्बन गर्दै लगिनेछ।

२. गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ।

३. स्थानीय तह स्वमूल्यांकन, वित्तीय सुशासन जोखिम मूल्याङ्कन तथा स्थानीय आर्थिक विकास मूल्याङ्कनका सम्बन्धमा गरिँदै आएका असल अभ्यासहरूलाई निरन्तरता दिँदै सुधार थप व्यवस्थित गरिँदै लगिनेछ।

४. अनुगमन प्रणाली, तथ्याङ्क संकलन र सुशासन प्रवर्द्धन जस्ता विषयहरूलाई विद्युतीय प्रणालीमा आधारित बनाई अधिकतम अनलाइन माध्यममार्फत सञ्चालन गरिनेछ।

५. गाउँपालिकामा डिजिटल डाटा सुरक्षाका लागि डाटा ब्याकअप प्रणाली, फायरवाल जडान तथा नियमित साइबर सुरक्षा परीक्षण गरिनेछ।

६. गाउँपालिकाको वेबसाइटमा कृत्रिम बुद्धिमत्ता (AI) प्रविधिमा आधारित च्याटबोट सेवा विकास गरी नागरिकका सामान्य जिज्ञासाको डिजिटल उत्तर प्रणाली लागू गरिनेछ।

७. गाउँपालिकाको एकीकृत प्रणालीलाई क्लाउड कम्प्युटिङ प्रविधिमा आधारित बनाई सेवा प्रवाहमा गुणस्तर वृद्धि गर्न सबै वडा तथा सम्बन्धित कार्यालयहरूलाई एउटै एकीकृत नेटवर्कमा आवद्ध गरिनेछ।

८. ई-गभर्नेन्स प्रवर्द्धन गर्न गाउँपालिकाका सम्पूर्ण नीति, कानून, निर्णय, बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थालाई सार्वजनिक पोर्टल मार्फत अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९. गाउँपालिकास्तरमा सञ्चालन हुने सार्वजनिक सुनुवाई, गाउँ सभा, कार्यपालिका वैठक तथा सामाजिक परीक्षण कार्यक्रमहरूलाई डिजिटल माध्यमबाट प्रत्यक्ष प्रशारण (Live Streaming) गरिनेछ।

## श्रम तथा रोजगार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हिलिहाङ गाउँपालिकाको रोजगार सेवा केन्द्रको (E-MIS) प्रणालीमा दर्ता भएका श्रमिकहरूलाई पूर्वाधार निर्माण तथा मर्मतका क्षेत्रमा १०० दिनको न्यूनतम ज्यालादारी सहित थप अन्य क्षेत्रमा पनि खटाउने योजना सहित संघ र प्रदेश सरकारसँग साझेदारीको नीति अवलम्बन गरिनेछ।

२. श्रमिकहरूलाई निर्माण कार्यमा खटिँदा वा कार्य सम्पादनका क्रममा आवश्यक औजार उपकरण तथा सुरक्षाका सामाग्रीहरूको प्रबन्ध मिलाइनेछ।

३. सीप विकास, क्षमता विकास, कृषि अनुदान तथा सवलीकरणको माध्यमद्वारा स्वरोजगार बनाई उत्पादन र उत्पादकत्व बृद्धि गर्दै लगिनेछ।

४. स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सीप विकास रोजगारी प्रवर्दन, उत्पादनशील रोजगारी सृजना, उद्यमशीलता प्रवर्द्धन, स्वरोजगारी तथा वैदेशिक रोजगारबाट फर्केकाहरूलाई पुनः एकीकरण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सम्बन्धी नीति तथा कार्यक्रम**

१. भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई जग्गा नापजाँच गरी जग्गाधनी लालपूर्जा वितरण गर्न भूमि समस्या समाधान आयोगसँग प्रभावकारी समन्वय गरिनेछ।

२. हिलिहाङ गाँउपालिका भित्र रहेका जग्गाहरूको कित्तागत वर्गीकरण गरिनेछ।

३. हिलिहाङ गाँउपालिका भित्र रहेको मेची राजमार्ग सडकको लगत कट्टा गर्न नापी कार्यालय र जिल्ला मालपोत कार्यालयसँग प्रभावकारी समन्वय गरिनेछ।

**न्यायिक समिति सम्बन्धी नीति तथा कार्यक्रम**

१. सबै जनताको न्यायिक अधिकारलाई सुनिश्चित गर्न सूचिकृत सबै मेलमिलापकर्ताहरूलाई थप सक्रिय बनाई विवाद निरुपणको कार्यलाई व्यवस्थित गर्दै लगिनेछ।

२. न्यायमा आम नागरिकको पहुँच स्थापित गर्नका लागि न्यायिक सचेतनामूलक कार्यक्रम गरिनेछ।

३. न्याय सम्पादन कार्यलाई प्रभावकारी एवं प्रतिफलयुक्त बनाउन मेलमिलापकर्ताको पुनर्ताजगी एवं क्षमता विकास तालिम सञ्चालन तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।

४. ज्ञानमा आधारित समाजको निर्माण एवं न्यायिक समितिलाई सशक्त र क्षमतावान बनाउन विभिन्न स्थानीय तहका नमूना न्यायिक समितिका अवलोकन भ्रमण गरी असल अभ्यासलाई आत्मासाथ गरिनेछ।

५. न्यायिक इजलासलाई मर्यादित बनाउदै प्रविधियुक्त न्यायिक कक्ष र मेलमिलाप केन्द्र सञ्चालनका लागि आवश्यक भौतिक संरचना व्यवस्थापन गरिनेछ ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रम**

१. प्रत्येक नागरिकलाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउन एक घर एक धाराको नीति अनुरूप गाउँपालिका भित्र सञ्चालित खानेपानीका आयोजनाहरूलाई प्राथमिकताको साथ समयमै सम्पन्न गर्ने प्रवन्ध मिलाइनेछ।

२. खानेपानी मुहानहरूको संरक्षण गरी खानेपानी अभाव भएका क्षेत्र, वस्तीहरूलाई स्वच्छ पिउने पानीको प्रबन्ध मिलाइनेछ।

३. खानेपानी उपभोक्ता संस्थाहरूलाई आवश्यकता अनुसार अनुदानको व्यवस्था गरिनेछ।

४. गाउँपालिकाको क्षेत्र भित्रका प्रमुख बजारहरूबाट उत्पादन हुने फोहोर मैला व्यवस्थापन तथा सरसफाइका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

५. तमोर वृहत (पम्पिङ) खानेपानी आयोजनाको विद्युत महसुल अनुदानका लागि कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. ज्येष्ठ नागरिकहरूलाई आत्मा विस्वास बढाउन पालिकास्तरीय ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको छ।

२. बालमैत्री हिलिहाङ गाउँपालिका बनाउनको लागि बाल क्लब पुनर्गठन एवं परिचालन गरिनेछ।

३. महिलाहरूमा नेतृत्व क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

४. लैङगिक हिंसा विरूद्धको १६ दिने अभियान र बाल दिवस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५. बालबिबाह /बहु विबाह न्युनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
६. २०८३ सम्म बालमैत्री गाउँपालिका घोषणा गरी सक्ने प्रतिवद्धतालाई सार्थकता प्रदान गर्न वालमैत्री वडा घोषणा गरिनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. हिलिहाङ गाउँपालिकाको गौरवको योजना सल्लेरी-सुभाङ-साम्रे-पञ्चमी गाउँपालिका केन्द्र हुँदै अमरपुर जाने मोटरबाटो सडक योजनालाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरताका लागि संघ तथा प्रदेश सरकारलाई आवश्यक पहल गरिनेछ ।
२. हिलिहाङ क्षेत्र विकास गुरूयोजना बनाई विकासलाई पूर्वानुमान योग्य र वस्तुगत बनाइनेछ भने गाउँपालिकाका गौरवका योजनाहरूलाई प्राथमिकताका साथ वातावरणमैत्री र दिगो विकासमैत्री बनाई कार्यान्वयन गरिनेछ।
३. हिलिहाङ गाउँपालिका यातायात गुरूयोजना बमोजिम गाउँपालिका भित्रका सडकहरूको प्राथमिकताकको आधारमा स्तरीकरण गरिँदै लगिनेछ ।
४. हिलिहाङ गाउँपालिका भित्रका आवासीय, शैक्षिक, स्वास्थ्य, व्यापारिक तथा कार्यालय भवनहरू, बस्तीहरू, खानेपानी, बाटो जस्ता भौतिक संरचनाहरू सुरक्षित र जोखिममुक्त तरिकाले निर्माण गर्न वातावरणीय प्रभावमूल्याङ्कनको कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।
५. तीन छाँगे झर्ना, आगेजुङ गुम्बालगायत हिलिहाङ गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरूको विकासका लागि डि.पि.आर. निर्माण लगायतका कार्य गर्नका लागि संघ तथा प्रदेशसँग समन्वय गरी क्रमश: पर्यटन पूर्वाधार निर्माण गरिनेछ ।
६. हिलिहाङ गाउँपालिकाको प्रशासकीय भवनसम्म जोड्ने पक्की सडक निर्माणका लागि पहल गरिनेछ ।
७. २ नं. वडाको प्रशासकीय भवन, ३ नं. वडाको प्रशासकीय भवन र अमरपुर स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गरिनेछ । साथै वडा नं ६ को वडा कार्यालय निर्माणका लागि जग्गा प्राप्तिको कार्यलाई पूर्णता दिइनेछ ।
८. यस गाउँपालिकाको स्वास्थ्य चौकीका भवनहरूको स्तरोन्नति गरिँदै लगिनेछ ।
९. हिलिहाङ गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक भौतिक पूर्वाधारहरूको संरक्षण एवं सम्वर्द्धन गर्दै लगिनेछ ।
१०. हिलिहाङ-६ स्थित जोरपोखरी खेलमैदानलाई सुविधा सम्पन्न रंगशाला बनाउन आवश्यक पहल गरिनेछ ।
११. प्रत्येक वडामा सबै मौसमी सडक (All-weather roads in every ward) को अवधारणा बमोजिम सडक विस्तार कार्यलाई पूर्णता दिइनेछ ।

**वन, वातावरण तथा विपद ब्यबस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१. विकास र वातावरण बीच सन्तुलन कायम गर्न नीति लिइनेछ । वनको दिगो व्यवस्थापन गरी आय वृद्धि, जीविकोपार्जन सुधार, वातावरण संरक्षण र वनविनाश तथा वनक्षयीकरण न्यून गरिनेछ।
२. वन वातावरण संरक्षणका लागि समुदायको सहभागितामा वृक्षरोपण, मुहान संरक्षण, डँढेलो नियन्त्रण जस्ता कार्यहरू गर्न उत्प्रेरित गरिनेछ । अर्थतन्त्रमा योगदान पुर्याउने गरी सामुदायिक वन व्यस्थापनलाई उत्पादन र रोजगारमूलक बनाउन थप कानून निर्माण गरी सहजीकरण गरिनेछ ।
३. प्रभावकारी अनुगमन मार्फत क्रसर उद्योगहरूलाई कानुनको दायरामा ल्याइनेछ। विपद् नियन्त्रण तथा पुर्नस्थापनाका लागि विशेष कार्ययोजना बनाई कार्यन्वयनमा ल्याइनेछ ।
४. हिलिहाङ गाउँपालिका भित्र सुख्खा क्षेत्र र पानीको मुहान संरक्षणका लागि कृत्रिम पोखरी निर्माणको लागि डि.पि.आर. निर्माण गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. नेपालको संविधानको अनुसूची ८ बमोजिम आफ्ना अधिकारक्षेत्रका विषयमा नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ। जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
२. जनउत्तरदायी स्थानीय सरकारको अनुभूति गराउन डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउँदै स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम र व्यवसायिक बनाउँदै आर्थिक एवं वित्तीय सुशासनलाई प्रवर्द्धन गरिनेछ। सूचना सम्प्रेषणको लागि सूचना प्रविधिको विकास तथा उपयोगबाट सर्वसाधारणको सूचनामा पहुँच सुनिश्चित गरिनेछ।
३. स्थानीयस्तरमा हुने विवाद निरूपण गर्न हरेक वडामा रहेका मेलमिलाप केन्द्रहरूलाई थप सुदृढीकरण गरिनेछ।
४. गाउँपालिकाको स्वीकृत दरबन्दी भित्र रहेका करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षाको दायरामा समाविष्ट गरिनेछ।
५. हिलिहाङ गाउँपालिकाको सर्बाङ्गीण क्षेत्रको विकास गरी समृद्ध गाउँपालिका निर्माण गर्ने सन्दर्भमा सरोकारवालाहरूबीच अन्तरक्रिया तथा छलफल गरी प्राप्त रचनात्मक राय सल्लाह सुझावहरूलाई समेत समावेश गरिनेछ।
६. गाउँपालिका भित्रका टोल विकास समिति/उपभोक्ता समिति/लाभग्राही समुदायलाई मङ्सिर मसान्त भित्र गाउँपालिका/वडा कार्यालयमा योजना सम्झौता तथा जेठ १४ गते भित्र कार्यालयमा योजनाको अन्तिम भुक्तानी लिने टोल विकास समिति/उपभोक्ता समिति/लाभग्राही समुदायलाई प्रोत्साहनका आयामहरू थप गरिनेछ।
७. कर्मचारीहरुको मनोबल तथा कार्यसम्पादनमा बढोत्तरी गर्न कर्मचारी प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ।

## राजस्व तथा स्रोत परिचालन नीति तथा कार्यक्रम

१. गाउँपालिकामा प्राप्त श्रोतलाई पारदर्शी, मितव्ययी, चुस्त र आर्थिक सुशासन कायम गर्ने गरी मौजुदा बेरूजुलाई हटाई थप बेरुजु सिर्जना नहुने गरी स्रोतको प्रभावकारी परिचालनमा ध्यान दिइनेछ।
२. गाउँपालिकाको आय र व्यय विवरणलाई आम नागरिकलाई नियमित सुसुचित गराउन गाउँपालिकाको दायित्व भएकोले यस कार्यलाई मासिकरुपमा गाउँपालिकाको वेव साईटमा प्रकाशन गरिनेछ।
३. सबैभन्दा बढी राजस्व संकलन गर्ने वडालाई प्रोत्साहन गरिनेछ।
४. चालू खर्चलाई वाञ्छित सीमामा राखी पूँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने गरी कार्ययोजना तयार गरिनेछ।
५. आन्तरिक आयलाई लक्ष्य अनुरुप प्राप्त गर्न हिलिहाङ गाउँपालिकाले तयार गरेको आगामी तीन वर्षे राजश्व सुधार योजना, गाउँपालिकाको आगामी आ.व.को लागि तय गरिएको आर्थिक ऐनलाई पूर्ण कार्यान्वयनको लागि त्रैमासिक अभियानको रुपमा नियमित राजश्व गस्ती गरिनेछ।
६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको बोलपत्र समयमै आव्हान गरी हिलिहाङ गाउँपालिकाले तयार गरेको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुरुप कर संकलन कार्य लागू गरिनेछ।
७. सामाजिक न्याय र समतामूलक कर प्रणालीलाई लागू गर्दै सबै क्षेत्रलाई करको दायरामा ल्याउन करदातामैत्री कर प्रशासन र करदाता शिक्षा लागू गरिनेछ।
८. करको दायरामा नआएका व्यवसायी, उद्यमी पहिचान गरी करको दायरामा ल्याउन प्रभावकारी रूपमा पहल गरिनेछ।
९. आम नागरिकलाई राजश्व दाखिला गर्ने कार्यलाई सहज र सरलताको Online मा आधारित स्थानीय तह राजश्व पोर्टल राजश्व भुक्तानी प्रणाली लागू गरिनेछ।

गाउँपालिकाको नीति तथा कार्यक्रमको सफल कार्यन्वयनका लागि सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, अन्य सरकारी निकाय, राजनीतिक दलहरू, सामाजिक संघसंस्थाहरू, निजी तथा सहकारी क्षेत्र, साझेदार संस्था, नागरिक समाज लगायत सम्पूर्ण शुभेच्छुकहरूको सद्भाव, सहभागिता, साथ र सहयोग रहने पूर्ण विश्वास लिएको छु। नीति तथा कार्यक्रम तथा बजेट निर्माण र

प्रभावकारी कार्यान्वयनमार्फत विकासका लक्ष्य हासिल गर्न रचनात्मक सहयोगको निरन्तर अपेक्षा राख्दै सम्पूर्ण गाउँपालिकाबासी एवम् सबै सरोकारवालाहरूमा हार्दिक आभार प्रकट गर्दछु । सबै पालिकाबासीको साथ सहयोगको अपेक्षा गर्दछु । धन्यवाद !!!

<u>**प्रस्तुतकर्ता**</u>

समर बहादुर अधिकारी

सभाध्यक्ष

हिलिहाङ गाउँपालिका, पाँचथर

इति सम्वत् २०८२ साल असार महिना ८ गते रोज १ शुभम्